नेपाल सरकार
# गृह मन्त्रालय
(लागू औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२२
०१-४२११२८४
फ्याक्स ०१-४२११२८३
ई-मेलः drug@moha.gov.np
Website:www.drugportal.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 6४४

मितिः २०७६/०१/३१

**विषयः मार्गदर्शन पठाइएको सम्बन्धमा ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

नेपाल सरकार, गृह मन्त्रालय (माननीय गृहमन्त्री स्तर) को मिति २०७६/०१/२९ को निर्णयानुसार नयां शासकीय संरचना अनुरुप समुदायस्तर देखि नै स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न सबै तहका सरकारबाट लागू औषध रोकथाम र नियन्त्रणका कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्ने आवश्यतालाई मध्यनजर गर्दै सबै स्थानीय तहहरुलाई आ आफ्नो जिम्मेवारी अनुरुप संघीय र प्रादेशिक नीति तथा कानूनसंग तादाम्यता मिलाई प्राथमिकताका साथ अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था गर्न ताहां मन्त्रालय मार्फत् सबै स्थानीय तहमा परिपत्र गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ। स्वीकृत **"लागू औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६"** यसैसाथ संलग्न राखी पठाइएको छ । सो मार्गदर्शन अनुरुप लागूऔषध रोकथाम तथा नियन्त्रण सम्बन्धमा सबै स्थानीय तहहरुलाई आ आफ्नो नीति, योजना, कार्यक्रम र बजेटमा समन्वयात्मक रुपमा निरोधात्मक तथा प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्न परिपत्र गरिदिने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ**

**जिल्ला प्रशासन कार्यालय,सबै** :(मार्गदर्शन कार्यान्वयन गर्नका लागि निरन्तर रुपमा स्थानीय तहहरुसंग समन्वय गर्न)

२०७६।१।३१

(सुजता खत्री)
शाखा अधिकृत

# लागू औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६

पृष्ठभूमि

नेपालमा लागू पदार्थको उत्पादन, ओसार पसार, विक्रि वितरण, सञ्चय र सेवनलाई दण्डनीय अपराधको रुपमा परिभाषित गरिएको छ । देशको जनसांख्यिक लाभको रुपमा रहेको अमूल्य जनशक्ति खासगरी युवा पिंढी लागू औषध दुर्व्यसनको चपेटामा पर्न गई देशको उन्नती, प्रगति एवं समृद्धिमा समेत बाधा पुग्न गई समृद्ध नेपाल र सुखी नेपाली भन्ने राष्ट्रिय सोचमा समेत बाधा पुग्न जाने खतरा रहेको तथ्य छ ।

वि.सं. २०६३ र २०६९ सालमा केन्द्रीय तथ्याङ्क विभागले गरेको सर्भेक्षण अनुसार नेपालमा वर्षेनी ११.३६ प्रतिशतले लागू औषध प्रयोगकर्ताहरुको संख्यामा वृद्धि हुने गरेको देखिन्छ । लागू औषध प्रयोगकर्ताहरुमा सबै खाले संक्रमणको साथ साथै यौन जन्य रोगहरु एचआइभी र हेपाटाइटिसको संक्रमण हुने पाइएको छ । खुल्ला सीमानाको कारणले सहज किसिमबाट लागू औषध प्रयोग ओसार पसार हुने र त्यसको पृष्ठभूमिमा अपराध तथा हिंसा बढ्न गएको छ । लागू औषधको उपभोगले घर झगडा, सम्बन्ध विच्छेद, दूर्घटना, सामाजिक अपराध र व्यभिचार समेत बढ्दै गएको छ । जसले सामाजिक स्थायित्व कायम गर्ने विषय चुनौतीपूर्ण भएको छ ।

नेपाल सरकार गृह मन्त्रालय, नीति, योजना, अनुगमन तथा मूल्यांकन महाशाखा अन्तर्गत रहेको लागू औषध नियन्त्र शाखाले विगत लामो समयदेखि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंगको सहकार्य र साझेदारीमा लागू औषध रोकथाम /नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको थियो । परिवर्तित शासकीय संरचना अनुरुप लागू औषध रोकथाम लगायतका जनचेतनामूलक कार्यक्रम स्थानीय तहहरुमार्फत् सञ्चालन गर्नु उपयुक्त हुने सम्वद्ध क्षेत्रका विज्ञहरुको सुझाव अनुरुप विगतमा मन्त्रालयले सञ्चालन गर्दै आएका केही कार्यक्रम अब प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित साझेदार निकाय तथा संघ संस्थामार्फत् सञ्चालन हुने गरी परिवर्तन गरिएको छ ।

नेपालको संविधान जारी भै कार्यान्वयनमा आएसंगै मुलुक विगतको केन्द्रीकृत शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रुपान्तरण भैसकेको छ । संविधानको मर्म, भावना र प्रावधान तथा संविधानको अनूसूची ५, ६,७,८ र ९ मा उल्लेखित अधिकार र जिम्मेवारी अनुरुप संघीय मन्त्रालय लागू औषध नियन्त्रण सम्बन्धी नीति, योजना, अध्ययन, अनुसन्धान मागदर्शन तथा आपूर्ति नियन्त्रणमा केन्द्रित रहनु पर्ने देखिन्छ । यसै सन्दर्भमा समुदायस्तर देखि नै स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्ने कार्यमा योगदान गर्न सबै स्थानीय तहहरुले आ आफ्नो जिम्मेवारी अनुरुप संघीय प्रादेशिक नीति तथा कानूनसंग तादाम्यता मिलाई यस सम्बन्धी नीति, योजना, कार्यक्रम र बजेट व्यवस्था गरी यस विषयलाई

प्राथमिकताका साथ अभियानको रुपमा सञ्चालन गर्न आवश्यक छ । परिवर्तित सन्दर्भ एवं गृह मन्त्रालयद्धारा मुलुकका विभिन्न स्थानमा आयोजना गरिएका अन्तरक्रिया तथा गोष्ठीमा प्राप्त पृष्ठपोषण अनुरुप आ आफ्नो नीति, योजना, कार्यक्रम र बजेटमा लागूऔषध रोकथाम तथा नियन्त्रण सम्बन्धमा समन्वयात्मक रुपमा निरोधात्मक तथा प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्न सहज होस् भन्ने उदेश्यले यो मार्गदर्शन तयार गरिएको हो

## नीति,योजना, कार्यक्रम तर्जुमा र बजेट व्यवस्था गर्ने

१. समुदायस्तर देखि नै स्वस्थ, सभ्य, सदाचारी र अपराध मुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्ने कार्यमा योगदान गर्न संघीय प्रादेशिक नीति ऐन कानून मापदण्ड तथा मार्गदर्शन अनुरूप लागू औषध नियन्त्रण सम्बन्धि आन्तरिक नीति योजना तर्जुमा गर्ने ।

२. स्वीकृत नीति तथा योजना अनुरूप लागू औषध नियन्त्रण कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।

३. आ आफ्नो नीति, योजना, कार्यक्रम र बजेटमा लागू औषध रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन प्राथमिकताका साथ समावेश गर्ने,

४. लागू औषध नियन्त्रण सम्बन्धी स्थानीय तहस्तरीय रणानीतिक योजना तर्जुमा गर्ने ।

५. लागू औषध नियन्त्रण सम्बन्धमा क्रियाशील संघ संस्थाहरूलाई one door system मा रही काम गराउने ।

## लागू औषध नियन्त्रण समिति गठन गर्ने

१. प्रत्येक स्थानीय तहमा लागू औषध दुर्व्ययसनवाट प्रभावित व्यक्तिहरु वा सर्वसाधारणलाई लागू औषध दुव्यर्सन विरुद्ध र लागू औषधको रोकथाम कार्यक्रम संचालन गर्ने सम्बन्धमा देहाय बमोजिम स्थानीय समिति गठन गर्ने ।

(क) नगर/गाउँपालिका प्रमुख/अध्यक्ष — अध्यक्ष

(ख) नगर/गाउँपालिका उपप्रमुख/उपाध्यक्ष — सदस्य

(ग) नगर/गाउँपालिकाका स्वास्थ्य संयोजक — सदस्य

(घ) नगर/गाउँपालिका शिक्षा शाखा प्रमुख — सदस्य

ङ) नगर/गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट नगरपालिका/ गाउंपालिकाले मनोनित गरेका एक जना महिला सहित २ जना — सदस्य

(ङ) नगर/गाउँपालिकाभित्रका संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट सदस्य

(च) लागू औषध नियन्त्रणको क्षेत्रमा काम गर्ने गैह्रसरकारी संस्था मध्ये नगरपालिका/गाउंपालिकाले मनोनित गरेका एक जना महिला सहित २ जना सदस्य

छ) लागू औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालकहरु मध्येबाट नगरपालिका/ गाउंपालिकाले मनोनित गरेका १ जना सदस्य

ज) स्थानीय आमा समूह मध्येबाट नगरपालिका/ गाउंपालिकाले मनोनित गरेका एक जना महिला सहित २ जना सदस्य

झ) स्थानीय युवाक्लव मध्येबाट नगरपालिका/ गाउंपालिकाले मनोनित गरेका १ जना सदस्य

ञ) स्थानीय बालक्लव मध्येबाट नगरपालिका/ गाउंपालिकाले मनोनित गरेका १ जना सदस्य

ट) स्थानीय सञ्चारकर्मी मध्येबाट नगरपालिका/ गाउंपालिकाले मनोनित गरेका १ जना सदस्य

ठ) स्थानीय प्रहरी इकाई प्रमुख सदस्य

ड) नगरपालिका/गाउंपालिकाका प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

२. नगरपालिका गाँउपालिकाका वडा तथा टोल/समुदायस्तरमा काम कर्तव्य र अधिकार सहित लागू औषध नियन्त्रण सम्बन्धी समितिहरू गठन गर्ने ।

## रोकथाम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने

क) नगर/गाउँ पालिका भित्र लागू औषध दुर्व्यसनवाट प्रभावित व्यक्ति वा सर्वसाधारणलाई लागू औषध दूव्यर्सन विरुद्धको सचेतना कार्यकम संचालन गर्ने,

ख) लागू औषध दुरुपयोग तथा ओसापसार विरुद्ध अन्तराष्ट्रिय दिवस २६ जुन भव्य रुपमा मनाउने,

ग) लागू औषध दुर्व्यशनबाट पर्ने असर झल्कने सडक नाटक प्रदर्शन तथा सांगितिक कार्यकम आदि प्रदर्शन गर्ने,

घ) लागू औषध अपराध नियन्त्रण सम्बन्धमा स्थानीय सञ्चार माध्यामसंगको साझेदारीमा सचेतनामूलक कार्यकम सञ्चालन गर्ने,

ङ) सरोकारवाला निकाय संघसंस्थाको सहयोग तथा समन्वयमा बृहत सचेतनामूलक कार्यक्रम (campaign) सञ्चालन गर्ने ।

च) लागू पदार्थको सेवनबाट हुने व्यक्तिगत समस्या, सामाजिक र आर्थिक रुपमा हुने क्षति, दुर्व्यशनको लक्षण, प्रभाव र जोगिने उपायहरु  सम्बन्धमा विद्यालय र कलेजमा प्रशिक्षण कार्यकम सञ्चालन गर्ने,

झ) लागू औषध नियन्त्रणका लागि स्वस्फूर्त रूपमा युवा सहभागिता तथा परिचालन हुने वातावरण सिर्जना गर्ने ।

ञ) लागू औषध नियन्त्रण सम्बन्धि श्रव्यदृश्य पर्चा पम्प्लेट लगायतका प्रभावकारी प्रचार सामग्री निर्माण गरी प्रचार प्रसार गर्ने

ट) विद्यालयस्तरमा प्रवचन निवन्ध लेखन छलफल अन्तरक्रिया लगायतका अन्य उपयुक्त कार्यक्रम सञ्चालन गर्ने

ठ) स्थानीय सिनेमाहलहरूमा लागू औषध विरूद्धका सन्देश प्रशारण गर्ने ।

ड)  मोवाईल मार्फत लागू औषध विरूद्धका सन्देश (SMS) पठाउने

ढ) गाँजा फडानी अभियान सञ्चालन गरी सबै स्थानीय तहलाई गाँजा खेति रहित स्थानीय तह निर्माणमा प्रेरित गर्ने ।

ण) वसपार्क तथा बजारको महत्वपूर्ण चोकमा विद्युतीय माध्यमबाट सूचना Display  गर्ने ।

त) विद्यालयमा ९ देखी १२ कक्षासम्म विद्यालय केन्द्रित अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

थ) लागू औषधको उत्पादन, भण्डारण, विक्री वितरण तथा सेवनको गर्दा व्यहोर्नु पर्ने कानूनी कारवाही, सुस्वास्थ्यमा पर्ने असर, सामाजिक विकृति, सिर्जनशीलतामा पर्ने असर, आर्थिक अवस्थामा पर्ने नकारात्मक असर, परिवारमा पर्ने मनोवैज्ञाानिक असर लैंगिक हिंसा आपराधिक गतिविधि बढ्ने लगायतका विषयमा अभिभावक तथा शिक्षकहरूको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

## उपचार तथा पुनर्स्थापना केन्द्र

क) नगर/गाउँ पालिका भित्र लागू औषधको  दुव्यर्सनमा फसेका तर स्थानीय स्तरमा लागू औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना केन्द्रको अभावमा उपचार तथा पुनःर्स्थापनाबाट वञ्चित व्यक्तिहरुलाई उपचारको व्यवस्था मिलाउने । यसका लागि लागू औषधको प्रकोप बढी भएका स्थानीय तहमा संभव भएमा स्थानीय तहले नै स्थानीय संघ संस्थाहरुसंगको सहकार्य र साझेदारीमा लागू औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०७५ ( http://www.drugportal.gov.np/assets/uploads/publications/5c6eea2eec41f1550686500.p odf) बमोजिम लागू औषध  प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने । सो सम्भव

नभएमा अन्तर स्थानीय तह समन्वयमा लागू औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्ने ।

ख) नगर/गाउँ पालिकाभित्र सञ्चालित लागू औषध प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना केन्द्र नियमित रुपमा निरिक्षण, अनुगमन तथा मूल्यांकन गरी तिनीहरुको सेवा प्रभावकारी बनाउने ।

**समन्वय तथा सहयोग**

क) उपरोक्तनुसार जनचेतनामूलक कार्यक्रम सञ्चालनको क्रममा आवश्यक पर्ने सामग्रीको नमूना र यस विषयमा कुनै द्विविधा भएमा गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखा (०१४२११२३७ वा ०१४२११२२२ वा ०१४२११२८४) वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न सकिने छ । अनुरोध भइ आएमा प्रचार सामग्रीको मापदण्ड, जनचेतनामूलक प्रशिक्षणका लागि प्रस्तुति लगायतका सामग्रीको सफ्टकपी उपलब्ध गराइने छ ।

ख) लागू औषध अपराध नियन्त्रणका लागि यस सम्बन्धि अपराध अनुसन्धान तथा अभियोजनमा नेपाल प्रहरीलाई आवश्यक सहयोग गर्ने ।

ग) लागू औषध नियन्त्रण सम्बन्धमा पैरवी तथा प्रवर्द्धनका लागि प्रशिक्षक आवश्यक परेमा स्थानीय प्रशासन वा प्रहरी कार्यालयसंग समन्वय गर्न सकिने ।

घ) सम्बन्धित सरकारी निकायको समन्वयमा आवधिक र आकस्मिक रुपमा औषधी पसलहरूको अनुगमन गर्ने

ङ) सम्बद्ध सरकारी निकायहरुसंगको समन्वयमा सडक बालवालिकाहरूको यथोचित व्यवस्थापन गर्ने ।